# बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

## बहाल रकम उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०३।०७) (संशोधित )

बनेपा नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ६ स्थित बुडोल सपिङ्ग कम्प्लेक्सको भुइ तल्ला र सो भन्दा माथिको एक तल्ला समेत जम्मा दुइ तल्लामा रहेका सटरहरु मध्ये दोस्रो तल्लामा रहेको उत्तरपुर्वी मोहडामा रहेको सबै भन्दा छेउको सटर एक बाहेक बाँकी दुइ तल्लामा रहेका सबै सटरहरुको बहाल रकम सकलन गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको मिति २०८१।०२।२७ को निर्णय अनुसार आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले तिसदिन भित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी एकतिसौ दिनको १२.०० बजेसम्म रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. बोलपत्र फारम बनेपा नगरपालिकाको नेपाल बैंक लि. बनेपा शाखामा रहेको आन्तरिक राजश्व खाता (खाता नं.०१५०३००००१००१००००१) मा रु. ३,०००।- (तीन हजारमात्र) (पछि फिर्ता नहुने) तिरी बनेपा नगर कार्यपालिकाको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले तीसौ दिन सम्म कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र एकतीसौ दिन दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका बोलपत्र फारमहरू यो सूचना प्रथम पटक प्रकाशित मितिले एकतीसौ दिनको १३:०० देखि १५:०० बजे भित्र नियमानुसार यस कार्यालयमा खोलिने छ ।बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्था/फर्मका हकमा संस्था/फर्म दर्ता तथा नविकरणको प्रमाण पत्र, मू. अ. क. दर्ता प्रमाण पत्र,. स्थायीलेखा नम्बर प्रमाण पत्र र २०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ ।

५. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

६. बोलपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

७. बोलपत्रदाताले धरौटी वापत कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको धरौटी खाता नं.०१५०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम वरावरको बैंक जमानत पत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

८. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

९. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी सम्झौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

१०. ठेक्का सम्झौता भई कायदिश पाएको मिति देखि ठेक्का लागू भई दुई वर्षसम्म कायम रहनेछ ।

११. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाताले बुझाउनु पर्नेछ ।

१२. स्वीकृत बोलपत्रदाताले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१३. तोकिए बमोजिमको वहाल उठाउने दायित्व स्वीकृत बोलपत्रदाताको नै हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१४. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाताको दायित्व हुनेछ ।

१५. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१६. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१७. **यो सूचना यस कार्यालयको** website www.banepamun.gov.np **मा हेर्न सकिने छ । साथै विस्तुत जानकारीका लागि राजस्व शाखामा सम्पर्क राख्न सकिने छ ।**

१८. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

**ठेक्का सम्बन्धी विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दुई वर्षका लागि न्युनतम कबोल अंक (मुअक समेत) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा.७२०८०/०८१ | बनेपा नगरपालिकाको स्वामित्वमा रहेको वडा न ६ स्थित बुडोल सपिङ्ग कम्प्लेक्सको भुइ तल्ला र सो भन्दा माथिको एक तल्ला समेत जम्मा दुइ तल्लामा रहेका सटरहरु मध्ये दोस्रो तल्लामा रहेको उत्तरपुर्वी मोहडामा रहेको सबै भन्दा छेउको सटर एक बाहेक बाँकी दुइ तल्लामा रहेका सबै सटरहरुको बहाल रकम सकलन गर्ने । | रु. ४०,००,०००। /- (रु चालिस लाख) मात्र | ५% | |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत